खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

KIAN

# हेल्लो खावासाकी

**अंग्रेजी, चिनियाँ, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली, जापानिज र सजिलो जापानिज**

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

*******************************************************************************

## के तपाई "बोच्चया" खेलेर हेर्न चाहनु हुन्छ ?







**नि:शुल्क सहभागिता**

मिति : अगष्ट २१ तारिख (शनिबार) बिहान १० बजे देखि १२ बजे सम्म स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल
लक्षित सहभागीहरु : १२ वर्ष भन्दा माथिको जुन सुकै देशको नागरिक भएता पनि
आवेदकको संख्या : २० जना सम्म (पहिला आवेदन दिनेलाई प्राथमिकता दिईनेछ)
आवेदन शुरु हुने दिन : जून २१ तारिख (सोमबार) देखि (फोन, फ्याक्स, ईमेल अथवा केन्द्रमा आएर आवेदन दिनुहोस्।)
सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
फोन नं. : 044―435-7000 फ्याक्स : 044―435-7010 ईमेल : soudan39@kian.or.jp

*******************************************************************************

## कोरोनाको खोप लगाउने बारे

कोरोनाको खोप लगाउने कुपन प्राप्त गर्नु भइसकेका व्यक्तिहरुले तल दिइएको खावासाकी शहरको "कोरोना खोपको बारेमा सूचना" भन्ने वेब साइट बाट पनि जानकारीहरु लिन सक्नुहुन्छ।
https://www.city.kawasaki.jp/350/page/0000129626.html

खोप लगाउनको लागि अंग्रेजी, चाइनिज, कोरियन, पोर्तुगाली र स्पेनिश भाषामा फोनबाट बुकिङ्ग गर्न सक्नु हुन्छ।
बहुभाषिक कल सेन्टर: 0120-654-478 (बिहान ८:३० देखि साँझ ६:०० सम्म हरेक दिन)

*******************************************************************************

## २०२१ सालको भव्य सांगीतिक कार्यक्रम

**खावासाकी शहर र चीनको शिन्योउ शहरको सम्बन्ध कायम भएको ४० औ वार्षिकोत्सवको अवसरमा संचालन हुन गइरहेको कन्सर्टको निमन्त्रणा ! (गोलाप्रथाबाट छानिने)**

मिति : **२०२१/ ९/ २३** (बिहिबार, सार्वजनिक बिदा) ① १२ बजे देखि र ② ३ बजे देखि (प्रत्येक पटक १०० जना सम्म)
स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल
प्रदर्शक : टोक्यो सिम्फनी संगीत ग्रुपको एन्सेम्बल सदस्यहरु
गाउ स्यनग्लिङ्ग (संगीतकार तथा कलाकार), ज्हांग याउयुएन (चाइनिज कोटो भन्ने बाजा बजाउने कलाकार)
आवेदन दिने तरिका : ओफुकु पोस्टकार्ड (फिर्ता आउने हुलाक पत्र) मार्फत आवेदन (१. कार्यक्रमको नाम, २. समय, ३. सहभागीको नाम (२ जना सम्म), ४. ठेगाना, ५. ईमेल र दिउँसो सम्पर्क हुने फोन नं. ) लेखेर पठाउनुहोस्।
आवेदन दिने अन्तिम मिति : **२०२०/ ८/२०** (शुक्रबार)
आयोजक : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र (प्रशासकिय संस्था :खावासाकी अन्तर्राष्ट्रिय संघ)

# हपहप गर्मी (हिटस्ट्रोक) बाट बच्ने उपायहरु अपनाउने गरौं



हपहप गर्मी (हिटस्ट्रोक) धैरे बढेमा प्राणघातक पनि हुन सक्छ। मास्क लगाउने बानी देखि लिएर नयाँ जीवन शैली संगै हिटस्ट्रोकबाट बच्ने उपायहरु थाहा पाइराखौ।

१. तिर्खा नलागे पनि छिनछिनमा **पानी पिउने** बानी बसाल्ने

२. हावाको आवतजावत राम्रो राखेर **कोठाको तापक्रम २८℃ भन्दा** कम राख्ने

३. **शीतल हुने पोसाक, घामबाट बच्न छाता तथा टोपी**को प्रयोग गर्ने

४. बाहिर जाँदा अरु मान्छेहरुको केहि दूरीमा भएको बेलामा **आवश्यकता अनुसार मास्क फुकाल्ने**

५. पर्याप्त मात्रामा निदाउने, सन्तुलित खाना खाएर **शरीरलाई स्वस्थ राख्ने**

*****************************************************************************************

# विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

सानो समूहको कक्षा हुनेछ। जापानिज संस्कृति तथा आफू बस्ने क्षेत्र र त्यहाँ आईपर्ने प्राकृतिक प्रकोपको बारेमा बुझ्नको लागि आवश्यक कार्यक्रमहरु पनि हुन्छ ।



**दोस्रो सेमेस्टर बिहानको कक्षा**

बार : मंगलबार र शुक्रबार

(बिहान ९:५० देखि ११:५०)

अवधि : सेप्टेम्बर १४ तारिख - डिसेम्बर ३ तारिख

(२२ पटक)

शुल्क : **१२,१००** येन (पाठ्यक्रमको बाहेक)

※नि:शुल्क बच्चा हेरिदिने सुविधा छ।

(१ वर्ष भन्दा माथिको)



**दोस्रो सेमेस्टर बेलुकीको कक्षा**

बार : बुधबार (साँझ ६:३० देखि ८:३०)

अवधि : सेप्टेम्बर १ तारिख - डिसेम्बर १५ तारिख

(१५ पटक)

शुल्क : ८,२५० येन (पाठ्यक्रमको बाहेक)

※बच्चा हेरिदिने सुविधा छैन ।

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

फोन नं. : 044-435-7000

सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ

ईमेल : kiankawasaki@kian.or.jp

*****************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि:शुल्क)

## जुलाई १ देखि ZOOM प्रयोग गरेर अनलाइन परामर्श शुरु भएको छ !

## होमपेजबाट बुकिंग गर्नुहोस् ।

अनलाइन परामशका लागि आवेदन दिने पेज

＊परामर्शको समय: बिहान ९ बजे देखि ५ बजे सम्म (दिउँसो खाजा खाने समयमा पनि सेवा उपलब्ध छ)

＊ परामर्शको प्रत्यक्ष फोन नं.: 044-455-8811

**सम्बन्धित भाषाको सल्लाहकार नभएको बारहरुमा पनि फोन मार्फत परामर्शको व्यवस्था छ।**

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| चिनियाँ | सोमबार देखि शनिबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको होमपेज

## ＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध भएतापनि पैसा तिरेर भाषिक अनुवादको लागि बुकिंग गर्न सक्नुहुन्छ। )

मिति र समय : अगष्ट १५ तारिख (आइतबार) र सेप्तेम्बेर १९ तारिख (आइतबार) दिउँसो २:०० देखि ४:०० सम्म

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा